रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०७९/०८०
च.नं.:- ६८

मिति: २०७९/०४/१३

**विषय: कार्यपालिका बैठकको निर्णय पठाइएको सम्बन्धमा ।**

श्री अध्यक्ष ज्यूको सचिवालय,
श्री उपाध्यक्ष ज्यू,
श्री शाखाहरु सबै,
श्री वडा कार्यालय सबै,
रघुगंगा गाउँपालिका, म्याग्दी ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०७९।०४।०८ गते भएको कार्यपालिका बैठकका निर्णयहरू आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बैठक सङ्ख्या: ८२

आज मिति २०७९ साल श्रावण ८ गते आइतबारका दिन विहान ११:३० बजे रघुगंगा गाउँपालिकाका अध्यक्ष श्री भव बहादुर भण्डारीज्यू को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक संख्या २०७९/०८०-०१ मा तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमका निर्णय गरियो ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री भव बहादुर भण्डारी | गाउँ कार्यपालिका अध्यक्ष | [signature] |
| २. | श्री प्रेम कुमारी पुन | गाउँ कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३. | श्री विल बहादुर फगामी | गाउँ कार्यपालिका सदस्य / १नं. वडा अध्यक्ष | [signature] |
| ४. | श्री अमृत भण्डारी | गाउँ कार्यपालिका सदस्य / २नं. वडा अध्यक्ष | [signature] |
| ५. | श्री खिम बहादुर शाही | गाउँ कार्यपालिका सदस्य / ३नं. वडा अध्यक्ष | [signature] |
| ६. | श्री पविन गर्वुजा | गाउँ कार्यपालिका सदस्य / ४नं. वडा अध्यक्ष | [signature] |
| ७. | श्री मन वहादुर शेरमन्जा | गाउँ कार्यपालिका सदस्य / ५नं. वडा अध्यक्ष | [signature] |
| ८. | श्री मन कुमार शेरपुजा | गाउँ कार्यपालिका सदस्य / ६नं. वडा अध्यक्ष | [signature] |
| ९. | श्री थक बहादुर पाइजा | गाउँ कार्यपालिका सदस्य / ७नं. वडा अध्यक्ष | [signature] |
| १०. | श्री गमान छन्त्याल | गाउँ कार्यपालिका सदस्य / ८नं. वडा अध्यक्ष | [signature] |
| ११. | श्री कुमारी पुर्जा गर्बुजा | गाउँ कार्यपालिका सदस्य | Kumari |
| १२. | श्री धनमाया घताने गोतामे | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १३. | श्री प्रिती गर्बुजा | गाउँ कार्यपालिका सदस्य | प्रिती |
| १४. | श्री सेमिता पुन | गाउँ कार्यपालिका सदस्य | Semita |
| १५. | श्री सम्झना परियार | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १६. | श्री होम बहादुर दर्जी | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १७. | श्री अमृत सुवेदी | गाउँ कार्यपालिका सचिव | [signature] |
| १८ | श्री टीका बहादुर शाही | स्वास्थ्य संयोजक | [signature] |

## मिति २०७९।०४।०८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं १ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं २ मर्मत सम्भार र कन्टिन्जेन्सी कट्टी तथा उपभोक्ता योगदान र पेश्की सम्बन्धमा,
प्रस्ताव नं ३ करार सेवामा कार्यरत कर्मचारीहरुको करार नवीकरण सम्बन्धमा,
प्रस्ताव नं ४ सामुदायिक स्वास्थ्य एकाइको सञ्चालन सम्बन्धमा
प्रस्ताव नं ५ योजना सञ्चालन सम्बन्धमा (ठेक्का मार्फत र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने),
प्रस्ताव नं ६ उपभोक्ता समिति गठन तथा अभिमुखीकरण सम्बन्धमा,
प्रस्ताव नं ७ बेरुजु असुल गर्ने सम्बन्धमा,
प्रस्ताव नं ८ मुक्तिधाम माध्यमिक विद्यालयमा प्राविधिक धारतर्फ कक्षा १२ को अनुमति दिने सम्बन्धमा,
प्रस्ताव नं ९ बगरहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धमा,
प्रस्ताव नं १० उद्यम विकास समितिमा सदस्य चयन सम्बन्धमा,
प्रस्ताव नं ११ नवीकरणीय उर्जा कार्यक्रम सम्बन्धमा,
प्रस्ताव नं १२ वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा,
प्रस्ताव नं १३ आर्थिक सहयोग सम्बन्धमा
प्रस्ताव नं १४ भ्यू टावर व्यवस्थापन एवं आय ठेक्का सम्बन्धमा
प्रस्ताव नं १५ वडा सचिव व्यवस्था सम्बन्धमा
प्रस्ताव नं १६ न्यायिक समितिका लागि कानूनी परामर्श लिने सम्बन्धमा
प्रस्ताव नं १७ योजना संशोधन गरी ठाडाखानी लापूदेखि मालिका सडक निर्माण सम्बन्धमा
प्रस्ताव नं १८ मतदानस्थल थप गर्ने सम्बन्धमा
प्रस्ताव नं १९ शिक्षक नियुक्तिका लागि विज्ञापन गर्ने सम्बन्धमा
प्रस्ताव नं २० खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा,

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस पूर्व गरिएका निर्णयहरुको कार्यान्वयनको अवस्था समीक्षा गरियो।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व २०७९/०८० मा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा मर्मत सम्भार स्वरुप ३ प्रतिशत र कन्टिन्जेन्सी वापत २ प्रतिशत कट्टी गर्ने, उपभोक्ता समितिको न्यूनतम १० प्रतिशत योगदान सुनिश्चित गर्ने र सबै योजना तथा कार्यक्रमहरु सञ्चालनका लागि ३३ प्रतिशत सम्म पेश्की उपलब्ध गराउने। सङ्घीय तथा प्रादेशिक बजेटका सम्बन्धमा सम्बन्धित कार्यविधि बमोजिम गर्ने।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकाको आन्तरिक आम्दानी कमी भई ज्यालादारी तथा करार पदमा धेरै जनशक्ति नियुक्त गर्न नसक्ने अवस्था उत्पन्न भएकाले ज्यालादारी तथा करार पदमा रहेका कर्मचारीहरुका हकमा तपसिल बमोजिम गर्ने।

क) सबै सामुदायिक स्वास्थ्य एकाइमा कार्यरत कार्यालय सहयोगीहरुको चालु आ.व का लागि करार अवधि थप गर्ने, अ.हे.व/अ.न.मी हरुलाई श्रावण महिनाका लागि मात्र करार नवीकरण गर्ने।

ख) वडा नं ३ को कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत श्री कमला कुंवरको करार अवधि थप नगर्ने। निजलाई एक महिनाको तलव रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने।

ग) साविक पिप्ले गा.वि.स हाल वडा नं ३ को कार्यालयमा कार्यालय सहयोगी पदमा करार नियुक्त भई हाल गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत श्री नर बहादुर हमालको करार अवधि थप नगर्ने। लामो समय देखि कार्यरत निजलाई सम्मान स्वरुप एकमुष्ठ १ लाख रुपैयाँ उपलब्ध गराउने।

घ) वडा नं ६ पाखापानी स्वास्थ्य चौकीमा हे.अ पाँचौ तहमा करार सेवामा कार्यरत श्री साजन पुनको करार अवधि थप नगर्ने। उक्त ठाउँमा लोकसेवा आयोग गण्डकी प्रदेशबाट स्थायी सिफारिस भई आउनुभएका श्री निकी शाहलाई पदस्थापन गर्ने। साथै वडा नं ८ कुइनेमंगले स्वास्थ्य चौकीमा रिक्त रहेको हे.अ पाँचौ तहमा स्थायी सिफारिस भई आउनु भएका श्री अमरनाथ यादवलाई पदस्थापन गर्ने।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालनका सम्बन्धमा तपसिल बमोजिम गर्ने।

क) वडा नं ६ पाखापानीको ठाडाखानीमा र वडा नं ७ चिमखोलाको नामेलामा अस्थायी सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गर्ने। ठाडाखानीमा वडा नं ५ झिं को स्वास्थ्य चौकीबाट कर्मचारी खटाउने।

ख) आफ्नो वडाभित्र रहेका सामुदायिक स्वास्थ्य एकाइहरुको निरन्तर सञ्चालनका लागि सम्बन्धित स्वास्थ्य चौकी व्यवस्थापन समितिले श्रावण ३० गतेभित्र सामुदायिक स्वास्थ्य एकाइमा आलोपालो पद्दतिको व्यवस्था गरिसक्ने र सो को जानकारी स्वास्थ्य शाखामा पठाउने।

ग) बुंदा नं **क** र **ख** बमोजिम खटाइएका कर्मचारीहरुलाई खटिएको अवधिका लागि थप १५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा सङ्घीय योजनाहरु सम्बन्धित कार्यविधि अनुसार सञ्चालन गर्ने। प्रदेशबाट हस्तान्तरित र गाउँपालिकाबाट विनियोजित बजेट शीर्षकको हकमा कार्यालय भवन निर्माणसँग सम्बन्धित योजनाहरु ठेक्का प्रक्रिया मार्फत सञ्चालन गर्ने र अन्य सबै योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आ.व २०७९/०८० का लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुका लागि सम्बन्धित वडा कार्यालयले सार्वजनिक सूचना गरी (समिति गठन हुने समय, स्थान, योजनाको नाम खुलाई) आमभेला बोलाई मिति २०७९ भाद्र १५ गतेभित्र अनिवार्य रुपमा उपभोक्ता समिति गठन गर्ने। वडा कार्यालयहरुबाट समिति गठनको जानकारी प्राप्त हुँदासाथ अभिमुखीकरण कार्यक्रम सुरु गर्ने।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकामा हालसम्म रहेको बेरुजु फछ्र्यौटका लागि जनप्रतिनिधि, कर्मचारी र बेरुजु रहेको व्यक्ति/व्यवसायी/संस्था/समितिको समन्वयात्मक ढंगबाट अभियान नै सञ्चालन गर्नुपर्ने देखिएकाले वडा अध्यक्षको नेतृत्वमा वडा तथा टोलस्तरमा पुगी बेरुजु फछ्र्यौटका कार्य अगाडि बढाउने। असुल गर्नुपर्ने बेरुजु दाखिला गर्ने सम्बन्धितलाई सम्मान गर्ने।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा मुक्तिधाम माध्यमिक विद्यालयमा प्राविधिक धार कृषितर्फ कक्षा १२ सञ्चालनका लागि च.नं १०९, मिति २०७९।०३।१५ गते अनुमति मागको निवेदन पेश गरेकाले माग बमोजिमको कक्षा १२ सञ्चालनको अनुमति दिने।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा बेगखोला नदी र रघुगंगा नदीका विभिन्न बगरहरुबाट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा विक्री वितरण गरी आय सङ्कलन गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएकामा सबै बगरहरुको २०७९ पौष पश्चात २ वर्षको अवधि पुगी पुन प्रतिवेदन तयार गर्नुपर्ने भएकाले परामर्श सेवा मार्फत प्रक्रिया अगाडि बढाउने।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५२ बमोजिमको उद्यम विकास समिति निम्नानुसार गठन गर्ने।

| | | |
|---|---|---|
| श्री भव बहादुर भण्डारी, | गाउँ कार्यपालिका अध्यक्ष | संयोजक |
| श्री विल बहादुर फगामी, | आर्थिक विकास समतिका संयोजक | सदस्य |
| श्री अमृत सुवेदी, | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री कुमारी पुर्जा गर्बुजा, | सभामा प्रतिनिधित्व गर्ने महिला सदस्य | सदस्य |
| श्री नरमाया गर्बुजा, | महिला लघु उद्यमी प्रतिनिधि | सदस्य |
| श्री गंगा छन्त्याल, | सहकारी प्रतिनिधि | सदस्य |
| श्री कृष्ण प्रसाद सुवेदी, | शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा आ.व २०७८/०७९ मा खरिद भएका ३५ थान सौर्य ऊर्जा सेट वितरणका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने। साथै चालु आ.व का लागि सङ्घीय सरकारबाट सशर्त अनुदान स्वरुप प्राप्त रु ८ लाख बजेटबाट सुधारिएको चुलो खरिद गरी सार्वजनिक सूचना गरी निवेदन सङ्कलन गरेर विपन्न परिवार छनौट गरी वितरण गर्ने।

**निर्णय नं १२**

प्रस्ताव नं १२ माथि छलफल गर्दा आ.व २०७८/०७९ को वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०७९।०४।२१ गते शनिबारका दिन सबै कर्मचारी, जनप्रतिनिधि, रघुगंगावासीहरु तथा सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न गर्ने ।सो का लागि सबै शाखाहरु र वडा कार्यालयहरुले प्रस्तुतिका लागि तयारी गर्ने।

**निर्णय नं १३**

प्रस्ताव नं १३ माथि छलफल गर्दा विपद्मा परेका तथा आर्थिक अवस्था कमजोर रहेका रोगबाट ग्रस्त व्यक्तिहरुलाई तपसिल बमोजिम आर्थिक सहयोग प्रदान गर्ने।

क) मिति २०७९।०३।०२ र ३ गतेको वर्षातको कारण वडा नं २ भगवती निवासी श्री मोहनमया श्रेष्ठको घरमा रहेको कुखुरा तथा बङ्गुर फर्ममा क्षति पुगेकाले रु १५०००/-

ख) वडा नं २ निवासी श्री विष्णुमाया रिजाल मानसिक रोगी भई आर्थिक समस्या भएकाले निजका पति श्री रिबनाथ रिजाललाई रु १५०००/-

ग) वडा नं १ बेगखोला निवासी श्री राजकुमार वि.क शारीरिक तथा मानसिक रुपमा अपाङ्ग भएको र आर्थिक समस्या भएकाले निजको आमा श्री राजकुमारी वि.क लाई रु १५०००/-

घ) वडा नं ८ निवासी श्री पवित्रा वि.क कलेजो सम्बन्धी रोगबाट ग्रस्त भई उपचाररत रहेको र आर्थिक अभाव भएकाले रु १५०००/-

ङ) वडा नं २ निवासी श्री याम बहादुर के.सी को कुखुरा फर्ममा मिति २०७९।०१।२० गते विजुली सर्ट भई दाना नश्ट भएको र काठपात जली पूर्ण क्षति भएकाले रु २५०००/-

**निर्णय नं १४**

प्रस्ताव नं १४ माथि छलफल गर्दा वडा नं २ को रुइसेमा रहेको भ्यू टावर क्षेत्रको उचित व्यवस्थापन गर्ने र व्यवस्थापनको कार्य सकिएपश्चात सोबाट आय सङ्कलन गर्न प्रतिवर्ष न्यूनतम रु ६०,०००/- का दरले ३ वर्षका लागि आय बन्दोवस्त गर्ने।

**निर्णय नं १५**

प्रस्ताव नं १५ माथि छलफल गर्दा वडा सचिवको अभाव भई स्वास्थ्यकर्मीलाई सचिवका रुपमा खटाईएकामा वडा नं ६ पाखापानीमा अ.सब ई. श्री राजकुमार गुप्तालाई र वडा नं ७ चिमखोलामा अ.सब ई. श्री सुमन बहादुर बुढाथोकीलाई प्राविधिक जिम्मेवारी सहित स्थानीय पञ्जिकाधिकारी/वडा सचिवको जिम्मेवारी दिने।

**निर्णय नं १६**

प्रस्ताव नं १६ माथि छलफल गर्दा न्यायिक समिति समक्ष पेश हुने उजुरीहरुको कारबाही किनाराका लागि कानून सम्बन्धित जनशक्तिको अभाव भएकाले सेवा तथा परामर्श शीर्षकमा व्ययभार हुने गरी आवश्यकता अनुसार कानूनी परामर्श सेवा लिने।

**निर्णय नं १७**

प्रस्ताव नं १७ माथि छलफल गर्दा वडा नं ६ को **ठाडाखानी लापू देखि मालिका सडक निर्माण** गर्नु अति जरुरी रहेकाले पाखापानी-रायखोर-घ्याँसीखर्क सडक निर्माण गर्न गाउँपालिकाबाट विनियोजित बजेट मध्ये रु ११,००,०००/- उक्त बाटो निर्माणका लागि विनियोजन हुने गरी योजना संशोधन गर्ने। प्रदेश सरकारबाट समपूरक अनुदान स्वरुप रु ५० लाख प्राप्त हुने भएकाले गाउँपालिकाबाट रु ३९ लाख मात्र थप गरी पाखापानी-रायखोर-घ्याँसीखर्क सडक निर्माणको कार्य अगाडि बढाउने।

**निर्णय नं १८**

प्रस्ताव नं १८ माथि छलफल गर्दा वडा नं १ को कालिका माध्यमिक विद्यालयमा, वडा नं २ को राममन्दिर सामुदायिक स्वास्थ्य एकाइमा र वडा नं ३ को हिमालय आधारभूत विद्यालयमा मतदानस्थल थप गर्न जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिसमक्ष सिफारिस गर्ने।

**निर्णय नं १९**

प्रस्ताव नं १९ माथि छलफल गर्दा चालु आ.व को बजेट तथा कार्यक्रममा उल्लेख भए अनुसारका विभिन्न विद्यालयहरुमा कम्प्यूटर शिक्षक र बालविकास सहजकर्ताहरुको खुला प्रतिस्पर्धात्मक विज्ञापन गरी सम्बन्धित विद्यालयमा नियुक्त गरी पठाउने।

**निर्णय नं २०**

प्रस्ताव नं २० माथि छलफल गर्दा आ.व २०७९/०८० को वार्षिक खरिद योजना स्वीकृत गर्ने ।